**आकाशवाणी समाचार- नेपाली**

मितिः ११ दिसम्बर २०२५

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो लोकसभामा निर्वाचन सुधारसम्बन्धी चर्चाको क्रममा गृहमन्त्री अमित शाहको भाषणको प्रशंसा गर्नुभएको छ।
- पश्चिम बङ्गालमा मतदाता नामावलीको विशेष गहन पुनरिक्षणको प्रक्रिया अब अन्तिम चरणमा पुगेको छ।
- कलकत्ता उच्च न्यायालयमा हिज शिक्षक नियुक्ति भ्रष्टाचार सँग संबंधित एक सूची जमा गरियो।
- पश्चिम बंगालका राज्यपाल डा. सी.भी. आनन्द बोसले कुनै पनि परिस्थितिमा राज्यमा गुण्डागर्दी सहन नसकिने स्पष्ट पर्नुभएको छ।
- सिलगढ़ी नेपाली साहित्य संस्थानद्वारा प्रतिवर्ष प्रदान गरिने 'दान खालिङ साहित्य सम्मान' यस वर्ष २०२५ वरिष्ठ साहित्यकार नन्द हाङ्खिमलाई प्रदान गर्ने संस्थानले निर्णय लिएको छ।

**प्रधानमंत्री - अमित शाह लोकसभा भाषण**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो लोकसभामा निर्वाचन सुधारसम्बन्धी चर्चाको क्रममा गृहमन्त्री अमित शाहको भाषणको प्रशंसा गर्नुभएको छ। एक सामाजिक सञ्जालमा पोस्टमा प्रधानमन्त्रीले श्री शाहले देशको निर्वाचन प्रक्रियाका विभिन्न पक्षहरू र भारतीय लोकतन्त्रको बललाई ठोस तथ्यहरूका साथ उजागर गरेर विपक्षीहरूको कथित झूटको पर्दाफास गर्नुभएको बताउनुभएको छ।

आफ्नो भाषणमा, गृहमन्त्रीले SIR लाई मतदाता सूचीको शुद्धीकरणको रूपमा वर्णन गर्नुभयो र पूर्व प्रधानमन्त्री जवाहरलाल नेहरूको कार्यकालमा १९५२ मा गरिएको पहिलो निर्वाचन संशोधनको उल्लेख गर्नुभयो।

**पश्चिम बंगाल मतदाता सूची -**

पश्चिम बङ्गालमा मतदाता नामावलीको विशेष गहन पुनरिक्षणको प्रक्रिया अब अन्तिम चरणमा पुगेको छ। प्रक्रियाको अनितम चरणमा मतगणना प्रपत्र वितरण र अपलोड गर्न बुथ स्तर अधिकारीहरूले विभिन्न क्षेत्रहरूमा गएर मतदाताहरूको सत्यपान गरिरहेका छन्। आधिकारिक सुत्र अनुसार अहिलेसम्म राज्यभरि कुल ७ करोड ६६ लाख नामांकन प्रपत्रहरु वितरण गरिएको छ, जुन कुल ७ करोड ६६ लाख २७ हजार ४ सय ६ मतदाताहरूको ९९.९९ प्रतिशत कभरेजको बराबर हो।

**कलकत्ता उच्च न्यायालय SSC**

कलकत्ता उच्च न्यायालयमा हिज शिक्षक नियुक्ति भ्रष्टाचार सँग संबंधित एक सूची जमा गरियो। न्यायाधीश अमृता सिन्हाको चेम्बरमा स्कूल सेवा आयोग (एसएससी) मुद्दाको सम्बन्धमा अभूतपूर्व तनाव देखियो। अदालतको वातावरण तनावपूर्ण रह्यो र निवेदक र प्रतिवादी वकिलहरू बीच चर्को वादविवाद भयो।विवाद बढ्दै गयो, विशेष गरी कक्षा ९, १०, ११ र १२ को लागि शिक्षक भर्ना प्यानलको अवधि सकिएको र "'नॉट स्पेशली फाउंड टू बी टेंटेड'" जसलाई भ्रष्टाचारको प्रत्यक्ष आरोप लगाइएको थिएन तिनीहरुको सूची जारी गर्ने सम्बन्धमा विवाद अझ बढ्यो|

**सी.भी. आनन्द बोस**

पश्चिम बंगालका राज्यपाल डा. सी.भी. आनन्द बोसले कुनै पनि परिस्थितिमा राज्यमा गुण्डागर्दी सहन नसकिने स्पष्ट पर्नुभएको छ। उहाँले हिज  हावडा स्टेशनको नयाँ कम्प्लेक्सको प्लेटफर्म नम्बर २२ मा मिडियासँग कुराकानी गर्नुहुदै यो कुरा बताउनुभएको हो ।उल्लेखनीय छ कि ब्रिगेड परेड ग्राउन्डमा हालै भएको गीता पाठ कार्यक्रमको क्रममा केही युवाहरूले एकनॉन–वेज पॅटिस विक्रेतालाई गम्भीर रूपमा कुटपिट गरेका थिए र घटनाका तस्बिरहरू सामाजिक सञ्जालमा भाइरल भएका थिए। यस घटनाप्रति प्रतिक्रिया जनाउँनुहुदै बोसले यस विषयमा तुरुन्तै ध्यान दिने र राज्यमा कुनै पनि प्रकारको गुण्डागर्दी सहन नहुने बताउनुभयो। उहाँले पुलिसलाई निष्पक्ष अनुसन्धान गर्न पनि निर्देशन दिनुभयो।यसैबीच, उत्तर २४ परगना जिल्लाको खरदह क्षेत्रमा एक बीएलओको घरमा आक्रमण भएको खबर प्रकाशमा आएको छ।

**पश्चिम बंगाल- मतदाता पहिचान पत्र**

पश्चिम बंगालको नदिया जिल्लामा राष्ट्रिय राजमार्ग-12 को किनारमा मतदाता पहिचान पत्रले भरिएको एउटा बोरा भेटिएको घटनापछि खैलाबैला शुरू भएको छ। हिज  यो घटना त्यसबेला अघि आयो जतिबेला स्थानीय मानिसहरूले शान्तिकुल क्षेत्रमा फोहोर मैलाको  थुप्रोमा बोरालाई देखे। त्यसपछि घटनाको सूचना पुलिसलाई दिइयो।सूचना पाएर पुलिस दल घटनास्थलमा पुग्यो अनि मतदाता पहिचान पत्रले भरिएको बोरालाई थानामा लिएर गयो जसको जाँच शुरू गरिएको छ। एक जना अधिकारीले बताए, मतदाता कार्डहरूको सत्यापन प्रक्रिया भइरहेको छ र मामिलाको जाँच जारी छ।

**दान खालिङ साहित्य सम्मान२०२५**

सिलगढ़ी नेपाली साहित्य संस्थानद्वारा प्रतिवर्ष प्रदान गरिने ‘दान खालिङ साहित्य सम्मान’ यस वर्ष २०२५ वरिष्ठ साहित्यकार नन्द हाङ्खिमलाई प्रदान गर्ने संस्थानले निर्णय लिएको छ। यस आशयको जानकारी संस्थानकी उपाध्यक्ष सरिता शर्माले एक प्रेस विज्ञप्तिमा दिनुभएको छ।संस्थानले साहित्यकार नन्द हाङ्खिमले आफ्नो जीवनको अधिकांश समय साहित्यलाई दिई भारतीय नेपाली साहित्यमा प्रगतिवादी साहित्यको आधार निर्माणमा योगदान पुऱ्याएकोमा यो सम्मान प्रदान गर्ने निर्णय लिएको बताएको छ।‘दान खालिङ साहित्य सम्मान २०२५’-का लागि चयन भएकोमा वरिष्ठ साहित्यकार नन्द हाङ्खिमलाई सिलगढ़ी नेपाली साहित्य संस्थानले हार्दिक बधाइ एवम् अभिनन्दन अर्पण गरेको छ।

**इन्डिगो एयरलाइन्स**

देशभर इन्डिगो एयरलाइन्सको सेवामा लगभग एक हप्ताको अवरोध पछि, हिज बागडोगरा एयरपोर्टबाट उडानहरू पुनः सुरु भएको छ। कर्मचारी अभावका कारण गत हप्तादेखि इन्डिगोमा उडान सञ्चालन प्रभावित भएको थियो, जसले गर्दा यात्रीहरूलाई ठूलो असुविधा भएको थियो। बागडोगरा एयरपोर्टका निर्देशक नावेद नाजिमले हिज यो जानकारी साझा गर्नुहुदै  परिस्थिति नियन्त्रण गर्न हरेक सम्भावित उपाय अपनाइएको तथा यस अवधिमा, कुल ३८ इन्डिगो उडानहरू रद्द गर्नुपरेको बताउनुभयो।हाल सबै उडानहरू तालिका अनुसार सञ्चालन भइरहेको छ।

**सिलीगुड़ी स्पेशल टास्क फोर्स - कार्रवाई**

सिलिगुडी स्पेशल टास्क फोर्स (एसटीएफ) ले हिज  एउटा कार्गो ट्रकबाट २५० किलोग्राम गाँजा उद्धार  गरेको छ । गाञ्जाको तस्करीमा संलग्न ट्रक चालकलाई पुलिस ले पक्राउ गरेको छ । पक्राउ परेका अभियुक्तको बिहार जिल्लाका बासिन्दा बताइएको छ । यो कारवाही सिलगुडी–जलपाइगुडी राष्ट्रिय राजमार्गको फूलबारीको जियागञ्ज क्षेत्रमा गरिएको हो । एसटीएफ सुत्र अनुसारले यस आशयको जानकारी दिएका छन् 1

**खर्सांग माँ क्यान्टिन**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीको अनुप्रेरणामा एव  खरसाङ नगरपालिकाको आयोजनामा खरसाङ महकुमा अस्पतालमा 5 रुपियाँमा भरपेट खाना पाइने माँ क्यान्टिन शुरु गरिएको छ। खरसाङ महकुमा अस्पतालमा शुरु गरिएको उक्त माँ क्यान्टिनको उदघाटन रिबन खरसाङ महकुमा शासक आईएएस प्रिया यादव, खरसाङ नगरपालिकाको चेयरम्यान ब्रिगेन गुरुङको

बाहुलीबाट गरिएको छ। यो क्यान्टिन अब दिउँसो 12 देखि 2-3 बजीभित्र खान दिइने व्यवस्था गरिने भएको छ भने दिउँसो र बेलुकाको लागि पनि व्यवस्था गरिने भएको छ। उक्त माँ क्यान्टिन खरसाङ नगरपालिकामा पहिले नै शुरु गरिएको थियो भने अहिले महकुमा अस्पतालमा पनि शुरु गरिएको छ। यसको साथै खरसाङ महकुमा अस्पतालमा राती बिमारी हेर्न बस्नेहरुका लागि कम मूल्यमा सेल्टर होम पनि सञ्चालन गरिएको जानकारी प्राप्त भएको छ।

**फ्रेन्ड्स अफ ट्राइबल्स सोसाइटी**

फ्रेन्ड्स अफ ट्राइबल्स सोसाइटीको युवा शाखा एफटीएस युवाले बुधबार आफ्नो प्रमुख कार्यक्रम, एकल रनको सातौं संस्करणको घोषणा गरेको छ। यो कार्यक्रम ४ जनवरी  २०२६ मा कोलकाताको गोदरेज वाटरसाइडमा आयोजना हुनेछ र राष्ट्रिय ब्याडमिन्टन खेलाडी साइना नेहवालले उद्घाटन गर्नुहुनेछ।यो कार्यक्रम स्वास्थ्य र सामुदायिक सहभागितालाई प्रवर्द्धन गर्ने, साथै एकल विद्यालय पहल मार्फत ग्रामीण र आदिवासी बालबालिकाको शिक्षाको लागि कोष जुटाउने एक प्रमुख प्लेटफर्म हो। आयोजकहरूले यस वर्षको कार्यक्रममा २१ किलोमिटर, १० किलोमिटर, ५ किलोमिटर र समय मापन बिना ३ किलोमिटर रमाइलो दौड सहित विभिन्न वर्गहरू समावेश हुने अपेक्षा गरिएको बताएका छन् ।

**रक गार्डन**

४ अक्टोबर २०२५ मा आएको भयवाह  भल–पहिरोले दार्जीलिंगको पर्यटन केन्द्र रक–गार्डन र अप्पर बरबटे क्षेत्रलाई धेरै क्षति पुऱ्याएपछि  बरबटे देखि दार्जीलिङ जोड्ने मुख्य सडक अवरुद्ध भएको थियो। यातायात  –ठप्प भएपछि गोर्खा युवा कल्याण समाजको अगुवाइमा साथै  गाउँबासीहरूको सहयोगमा सिमेन्ट, बालुवा, गिट्टी संकलन गरी सामूहिक श्रमदानमार्फत ३५ फिट लामो र २५ फिट अग्लो देवल निर्माण गर्दै श्रम संस्कृतिको उत्कृस्ट उदाहरण प्रस्तुत गर्न सफल बनेका छन्   ।

****** ० ******